## अठारौ नगर सभा, मिति: २०८२/१०/२५ को निर्णयहरु

### निर्णय नं. १

सभाध्यक्ष श्री फणेन्द्र प्रसाद शर्माज्यूबाट अठारौ नगर सभामा आ.व. ०८२/०८३ को प्रगति प्रतिवेदन पेश भयो । उक्त प्रतिवेदनमाथि छलफल गरी सर्वसम्मत रुपमा पारित गरियो ।

### निर्णय नं. २

वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री तम बहादुर पुर्जाबाट नगर सभामा प्रस्तुत भएको सैनामैना नगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्था ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८२ माथि छलफल गरी उक्त विधेयकलाई सर्वसम्मत रुपमा पारित गरियो।

### निर्णय नं. ३

उपप्रमुख श्री विना रानाबाट नगर सभामा प्रस्तुत भएको सैनामैना नगरपालिकाको विज्ञापन व्यवस्थापन तथा नियमन गर्न बनेको विधेयक, २०८२ माथि छलफल गरी उक्त विधेयकलाई सर्वसम्मत रुपमा पारित गरियो।

### निर्णय नं. ४

सुशासन तथा संस्थागत विकास समिति संयोजक श्री राज कुमार चौधरीबाट प्रस्तुत सैनामैना नगरपालिको सैनामैना नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, २०८२ माथि छलफल गरी उक्त विधेयकलाई सर्वसम्मत रुपमा पारित गरियो ।

### निर्णय नं. ५

विगत आ.व.मा शुरु भइ चालु आ.व. मा कार्यान्वयनमा रहेका देहायका पुराना योजनाहरुको भुक्तानीका लागि विनियोजन गरेको बजेट रु ५० लाख अपुग हुने देखिएकोले अपुग हुने सो रकम र अन्य शिर्षकहरुमा बजेट तथा कार्यक्रममा तपशील बमोजिम सैनामैना नगरपालिकाको विनियोजन ऐन, २०८२ को दफा (२) र (३) बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

रकम रु हजारमा

| घटाउने | | | | | | बढाउने | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट | घट्ने रकम | अब कायम हुने रकम | स्रोत | क.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट | बढाउने रकम | अब कायम हुने रकम | स्रोत |
| १ | सामुदायिक विद्यालयमा फर्निचर | ३५०० | १५०० | २००० | राजस्व बाँडफाड सघीय | १ | आ.ब. २०८१।८२ मा सम्झौता भइ | ५००० | १५०० | | |

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

# अठारौ नगर सभा, मितिः २०८२/०९/२५ का निर्णयहरु

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | सरकार | | निर्माणाधिन | | | | |
| २ | उज्यालो नमूना गाउँ निर्माण निरन्तरता | १०००० | ३५०० | ६५०० | राजस्व बाँडफाड स्थानीय | | अधुरा योजनाहरूको भुक्तानी (वडा नं. ८ को वडा कार्यालय | | ३५०० | | |
| ३ | भूमी व्यवस्थापनमा खटिएका करार कर्मचारीको पारिश्रमिक | ४७०० | ३००० | १७०० | राजस्व बाँडफाड स्थानीय | | भवन फुटवल स्टेडियम बोलवम पार्क सडक वडा कार्यालय र स्वास्थ्य भवन) | | ३००० | | |
| ४ | भूमी व्यवस्थापनमा खटिएका करार कर्मचारीको प्रोत्साहन | २४०० | १६७५ | ७२५ | राजस्व बाँडफाड स्थानीय | | | | १६७५ | | |
| | जम्मा | | ९६७५ | | | | | | ९६७५ | १४६७५ | |
| ५ | कार्यालय सामाग्री छपाइ | २००० | २००० | ० | राजस्व बाँडफाड स्थानीय | | क. स्वास्थ्य संस्थाहरुमा हाजिरी मेशिन जडान | ० | ५०० | ५०० | |
| | | | | | | | ख.वडा कार्यालय मा सिसि क्यामरा जडान | ० | ५०० | १००० | |
| | | | | | | | ग. विभिन्न कानून तथा मापदण्ड निर्माण | ० | ५०० | ५०० | |
| ६ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | १५०० | १००० | ५०० | राजस्व बाँडफाड स्थानीय | | फोहरमैला व्यवस्थापनको लागि सफ्टवेयर खरिद | ० | १००० | ५०० | |
| | जम्मा | | २००० | | | | | | | २००० | |
| शहरी पूर्वाधार निर्माण एडिबी | | | | | | | | | | | |
| ७ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ४००० | ११६० | २८४० | संघीय समानिकरण अनुदान | | क.कर्मचारी बैठक भत्ता | ० | ६०० | | |
| ८ | सञ्चार महसुल | ६० | ६० | ० | | | ख.योजना अनुगमन तथा मूल्याङ्कन | ० | ३३० | | |
| ९ | घर भाडा | २१० | २१० | ० | | | ग. सेवा तथा परामर्श | ० | २६४.३ | | |
| १० | मसलन्द तथा | ३०० | ३०० | ० | | | घ. एसि | ० | ६०० | | |

गेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

## अठारौ नगर सभा, मितिः २०८२/०९/२५ का निर्णयहरु

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यालय सामाग्री | | | | | | खरिद | | | | |
| ११ | अन्य सेवा शुल्क, करार सेवा | ३०० | २३४.३ | ३५.७ | | | इ. इन्भटर खरिद | ० | २०० | | |
| | कुल | | २०५० | | | | | | २०५० | | |
| कृषी विकास | | | | | | | | | | | |
| १२ | कृषक पाठशाला सञ्चालन | २०० | १०० | १०० | संघीय राजस्व बाँडफाँट | | कृषी मेला प्रदर्शनी कार्यक्रम | ० | १०० | | |
| **कुल जम्मा** | **सि.न. १ देखि १२ सम्मको** | | | | | | | | | | |

### निर्णय नं. ६

सैनामैना नगरपालिकाको लेखा समिति संयोजक श्री इश्वरी भण्डारी रहनु भएकोमा निज २०८२ भाद्र २३ र २४ गते पछी वडा कार्यालयको कुनै बैठकमा उपस्थित नभएको तथा नगरपालिकाका अन्य कार्यक्रमहरुमा समेत सक्रिय नदेखिएकोले लेखा समितिको संयोजकमा उहाँको सट्टा नगर सभा सदस्य श्री प्रेमलाल भुसाललाई तोक्ने निर्णय गरियो ।

### निर्णय नं. ७

नगर सभाको अठारौ नगर सभा सञ्चालनको क्रममा सहयोग गर्ने नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण नगर सभा सदस्यज्यूहरु, कर्मचारीहरु, पत्रकार तथा आम नगरवासीलाई धन्यवाद दिने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

प्रसाद शर्मा
नगर प्रमुख

# अठारौ नगर सभा, मितिः २०८२/०९/२५ का निर्णयहरु

## निर्णय नं. ८

महालेखा परीक्षक कार्यालयको आ.व. ०७७/७८ को लेखा परीक्षण प्रतिवेदनको दफा १६.१ कर्मचारी करार सम्वन्धमा सैनामैना नगरपालिकाको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारी समायोजनका समयमा स्वीकृत गरी दिएको संगठन संरचनामा पनि उक्त पदहरु स्वीकृत भएको तथा समायोजनका समयमा ती पदमा कुनै कर्मचारी समायोजन नभएको र प्रदेश सभाबाट स्थानीय तहको कर्मचारीको ऐन नबनेसम्म र लोकसेवा आयोगबाट उक्त पदमा स्थायी कर्मचारी नआएसम्मका लागि स्थानीय सरकार संचालन ऐनको दफा ८३ को उपदफा ७ बमोजिम यस कार्यालयलाई अति आवश्कय पर्ने प्राविधिक तहको विशेषज्ञ सेवाको रुपमा साविक स्थानीय तहबाट करार भएका कर्मचारीलाई नै निरन्तरता दिई कामकाज लगाइ सेवा प्रवाह गरिएको हो । सथै लुम्वनी प्रदेशको स्थानीय निजामति सेवा ऐन २०८१ को दफा(१८) मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय स्वायत्त शासन ऐन, २०५५, सो ऐन अन्तर्गत बनेको नियमावली अन्तर्गत साविकका स्थानीय निकाय (जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिका) मा अस्थायी वा करार सेवामा निरन्तर कार्यरत रही हाल स्थानीय तहको स्वीकृत दरवन्दीमा समेत अविछिन्न रुपमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई प्रदेश लोकसेवा आयोगले विज्ञापन गरी सिमित प्रतियोगिता गराई पदपूर्ती गरिनेछ भन्ने व्यवस्थाले सो पूर्ण नहुन्जेल हटाउन नमिलन्ने देखिएकोले साविक स्थानीय निकाय हुँदादेखि कामकाज गरेका र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको तथा यस नगरपालिकाको नगर सभाबाट स्वीकृत स्थायी दरवन्दीमा स्थायी कर्मचारी नआउँदा सम्मको लागि करार कर्मचारीको पारिश्रमिक मात्र भएको साथै लुम्विनी प्रदेश सभबाट स्थानीय निजामति कर्मचारी ऐन २०८१ लागु भै सकेकोले अव उक्त पदहरुमा स्थायी पदपुर्तिका लागि प्रकृया अगाडि वढ्ने भएको भनि लेखा समितिवाट समेत सिफारिस भइ आएको र **सैनामैना नगरपालिको लागि उल्लेखित स्वीकृत दरवन्दीमा लोकसेवाबाट पदपुर्ति भई नसक्दासम्म निरन्तरता नदिने हो भने नगरपालिकाको आधारभूत स्वास्थ्य सेवा र दैनिक सेवा प्रवाह तथा विकास निर्माणका सवै कार्य समेत वन्द हुने अवस्था रहेको, यसबाट कुनै सरकारी हानिनोक्सानी नभएकोले वेरुजुको दफा १६.१ लाई नियमित गर्ने र संपरीक्षका लागि महालेखा परीक्षकको कार्यालयमा पठाउने निर्णय गरियो ।**

फणीन्द्र प्रसाद शर्मा
नगर प्रमुख